just futures pahal **जस्ट फ्युचर्स पहल**

Reg. No: 310550/079/080
SWC: 55755

मितिः २०८१ पुस १४

## प्रेस नोट

## दामल फेलोसिप (बहिन–वृत्ति)–२०२५ को घोषणा

जस्ट फ्युचर्स पहलले विविध किसिमका बहिन–वृत्ति [फेलोसिप] आयोजना गर्ने क्रममा यही जनवरी, २०२५ देखि राष्ट्रिय स्तरमा दामल फेलोसिप–२०२५ सञ्चालन गर्न लागेको जानकारी गराउन चाहन्छौँ । यस फेलोसिपबाट जात, लैंगिकता, यौनिकता र वर्गको सेरोफेरोमा रहेका भाष्य, ज्ञान र कल्पनाबारे गहन समालोचनात्मक बुझाइका साथै लिखित र गैरलिखित नयाँ सिर्जनाहरू गर्ने उद्देश्य राखिएको छ । यो फेलोसिप दलित महिलाहरुका माया, खुसी, भोगाइ, क्षमता एवं आकांक्षालाई केन्द्रमा राखेर नौ महिनासम्म सघन रुपले सञ्चालन गरिनेछ ।

१९१० सालको मुलुकी ऐनअनुसार वर्ण–जात र लिंगका आधारमा दिइने सजाय 'दामल' शब्दको गहिरो ऐतिहासिक महत्वलाई ध्यानमा राखेर यस फेलोसिपको नामकरण गरिएको हो । यस फेलोसिपको आधारमा जेएपीले जातको प्रिज्मबाट नेपालभित्र र बाहिर न्याय, समता, सम्मान, समावेशी लोकतन्त्र, दिगो भविष्यबारे नयाँ भाष्यहरू निर्माण गर्ने लक्ष्य लिएको छ ।

मधेश प्रदेशमा चलाइएको जस्ट फ्युचर्स फेलोसिप र राष्ट्रिय स्तरमा संचालन गरिएको जेएफपी फ्याकल्टी सेमिनारका सहभागीहरुबीच जेएफपीले गरेको आह्वान अनुसार आवेदन दिएका १२ जनामध्ये निम्नअनुसारका ६ जना प्रतिभाशाली दलित महिलाहरुलाई यो फेलोसिप प्रदान गरिएको छ :

| | | |
|---|---|---|
| अन्जना बिशंखे | ककुन्ती रविदास | सीता बौडेल |
| अस्मिता माझी | मधु महरा | सीमा बैठा |

विभिन्न अनुभव र उमेर समूहबीच अन्तरपुस्ता र अन्तर विषयको सह–सिकाइमा आधारित यस फेलोसिप नौ महिनाका लागि प्रदान गरिनेछ, जसअन्तर्गत भौतिक उपस्थितिमा कक्षा, छलफल, संवादमार्फत् गहन लेखन तथा रचनात्मक कार्य गर्न प्रेरित गरिनेछ । यसका लागि विशेष खालको पाठ्यक्रमको निर्माणसँगै फेलो–केन्द्रित शिक्षण विधि–प्रक्रिया अँगालिने छ ।

यस फेलोसिपमा जेएफपीले जीवनका विभिन्न आयाम भोगेका गतिशील दलित महिलासँग जोडिएर सिक्ने–सिकाउने पहलमा जेएफपीको टिम पनि शिक्षार्थी र फ्याकल्टीका रुपमा पनि सहभागी हुनेछ । यस फेलोसिपमा शैलजा पाइक, सरिता परियार, लुशिदा र्‍याम्बर्ग, उमा चक्रवर्ती, त्रिरत्न मानन्धर र आना स्टर लगायतका अन्य चिन्तक र बौद्धिकहरूको विशेष सहभागिता रहनेछ ।

सोना खटिक

कार्यकारी निर्देशक, जस्ट फ्युचर्स पहल

+9779767351369 info@justfuturespahal.org www.justfuturespahal.org 7847, Kathmandu, Nepal